# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक २० गते २०११ साल

भाग १

## जिल्ला जिल्लाका बडाहाकिमहरूको सरुवा बढुवाको

### प्रधानमन्त्रालय राज्यव्यवस्थाको

### विज्ञप्ति

१८।७।०११

**क श्रेणी**

वीरगञ्ज गोश्वाराका ब. हा. दिगम्बर झालाई जगेडामा राखी निजका ठाउँमा कमिश्नर मनशमशेर जङ्गबहादुर राणा सरुवा।

कमिश्नर मनशमशेर वीरगञ्ज गोश्वारा सरुवा खालीमा विराटनगर गोश्वाराका ब. हा. भूपालमानसिं सरुवा।

विराटनगर गोश्वाराका ब. हा. भूपालमानसिं कमिश्नरमा सरुवा भै खालीमा भैरहवा गोश्वाराका ब. हा. सेरबहादुर शाही सरुवा।



६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

भैरहवा गोश्वाराका ब. हा. सेरबहादुर विराटनगर गोश्वारामा सरुवा भै खालीमा उद्योग वाणिज्य मन्त्रालयका सेक्रेटरी मेघनरसिंह प्रधान सरुवा ।

सप्तरी गोश्वाराका ब. हा. तेजबहादुरलाई सदरमा जगेडा राखी निजका ठाउँमा धनकुटा गौंडाका ब. हा. श्यामशमशेर जङ्गबहादुर राणा सरुवा ।

धनकूटा गौंडाका ब. हा. श्यामशमशेर सप्तरी गोश्वारामा सरुवा भै खालीमा काठमाडौं मजिष्ट्रेटका मजिष्ट्रेट रङ्गनाथ सरुवा ।

महोत्तरी सर्लाही गोश्वाराका ब. हा. सोमशमशेर जङ्गबहादुर राणालाई त्यहीं कायम।

पाल्पा गौंडाका ब. हा तारकबहादुर शाहलाई त्यहीं कायम ।

## ख श्रेणी

कैलाली कञ्चनपुर गोस्वाराका ब. हा. धैर्यशमशेर जङ्गबहादुर राणा पूर्व १ नम्बर गो. मा. सरुवा भै खालीमा चिसापानी गढीका ब. हा. ऋद्धिविक्रम राणा सरुवा बढुवा ।

पूर्व १ नम्बर गोस्वाराका ब. हा. ताराबहादुरलाई सदरमा जगेडा राखी निजका ठाउँमा कै. क. गो. का. ब. हा. धैर्यशमशेर जङ्गबहादुर राणा सरुवा ।

झापा गोस्वाराका ब. हा. सहदेवसिं इलाम गौंडामा सरी खालीमा पब्लिक वर्क्स सञ्चारमन्त्रालयका डे. से. राजनारायण सरुवा ।

इलाम गौंडाका ब.हा. भिंटोजङ राणा सदर मन्त्रालयमा जगेडा राखी सो ठाउँमा झापा गोस्वाराका ब.हा. सहदेवसिं सरुवा ।

तौलिहवा गोस्वाराका ब. हा. अनिरुद्रप्रसादसिंलाई जगेडामा राखी निजका ठाउँमा जुम्ला गौंडाका ब.हा. श्रीबहादुर सरुवा बढुवा ।

बाँके बर्दिया गोश्वाराका ब. हा. कृष्णविक्रम राणा पश्चिम १ नं. गोस्वारामा सरुवा भै खालीमा पश्चिम २ नंबर गोस्वाराका ब. हा. देवीप्रसाद सरुवा बढुवा ।

डोटी गौंडाका ब. हा. सिद्धिगणेश पुलीस फोर्सतर्फ पठाई सो ठाउँमा प. ३ नं. गो. का ब. हा. पूर्णसिं सरुवा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पश्चिम १ नं. गोस्वाराका ब. हा. रामविक्रमलाई जगेडा राखी सो ठाउँमा बा. ब. गो. का ब. हा कृष्णविक्रम राणा सरुवा ।

पश्चिम १ नं. गो. का ब. हा. पूर्णसिं डोटी गौंडामा सरुवा भै खालीमा गृह मन्त्रालयको डे. से. सीताराम सरुवा ।

म. श्रेणी.

दाँग देउखुरी गोस्वाराका ब. हा. जयमङ्गलप्रसादसिंलाई जगेडामा राखी सो ठाउँमा उदयपुर गढीका ब. हा. मेघप्रसाद सरुवा ।

विसापानी गढीका ब. हा. ऋद्धिविक्रम कै. कं. गो. मा सरुवा भै खालीमा प. मं. राज्यव्यवस्थाका अ. से. कृष्णप्रसाद सरुवा ।

पश्चिम २ नं. गो. का ब. हा. देवीप्रसाद बा. ब. गो. मा सरुवा भै खालीमा पूर्व ३ नं. गो. का ब. हा. मकरबहादुर सरुवा ।

पूर्व ३ नं. गो. का ब. हा. मकर बहादुर प. २ नं. गो. मा सरुवा भै खालीमा पूर्व २ नं. गो. का ब. हा. बद्रीविक्रम सरुवा ।

पूर्व २ नं. गो. का ब. हा. बद्रीविक्रम पू. ३ नं. गो. मा सरुवा भई खालिमा प. ४ नं. गो. का ब. हा. लक्ष्मणबम मल्ल सरुवा ।

पूर्व ४ नं. गो. का ब. हा. गम्भीरध्वजलाई पुलीस फोर्सतर्फ पठाई सो ठाउँमा गुल्मी गौं. का ब. हा. गिरिप्रसाद सरुवा ।

उदयपुर गढीका ब. हा. मेघप्रसाद दाङ देउखुरी गोस्वारामा सरुवा भई खालिमा अडिटरबाट जगेडा रहेका योगेश्वर मिश्र सरुवा बढुवा ।

पश्चिम ४ नं. गो. का ब. हा. लक्ष्मणबम पूर्व २ नं. गो. मा सरुवा भई खालिमा डडेलधुरा गौंडाका ब. हा मोहनबहादुरसिं सरुवा ।

बागलुं गौंडाका ब. हा. दीर्घबहादुर ६० वर्ष नाघेकोले रिटायर गरी सो ठाउँमा प. संचारमन्त्रालयका अ. से. फणीन्द्रप्रसाद सरुवा बढुवा ।

(८९)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गुल्मी गौंडाका ब. हा. गिरिप्रसाद पूर्व ४ नं. गो. मा सरुवा भई खालीमा कानून सम्सद्‌मन्त्रालयका अ. से. कुञ्जविहारी सरुवा ।

प्यूठान गौंडाका ब. हा. प्रतिमानलाई सदरमा झिकाई सो ठाउँमा अडिटर अफिसबाट जगेडा रहेका मनमोहन मिश्रलाई सरुवा बढुवा ।

सल्यान गौंडाका ब. हा. यज्ञबहादुरलाई सदरमा झिकाई सो ठाउँमा अडिटर अफिसबाट जगेडा रहेका रामहरिहरलाई सरुवा बढुवा ।

जुम्ला गौंडाका ब. हा. श्रीबहादुर तौलिहवा गोस्वारामा सरुवा भई खालीमा डोटी अपीलका हाकिम लोकजङ्गबहादुर सरुवा बढुवा ।

डंडेलधुरा गौंडाका ब. हा. मोहनबहादुर पश्चिम ४ नं. गो. मा. सरुवा भै खालीमा अडिटर अफिसबाट जगेडा रहेका भवानीशंकर सरुवा बढुवा।

बैतडी गौंडाका ब. हा. जंगबहादुरलाई मंत्रालयमा जगेडा राखी सो ठाउँमा म. मं. राज्य व्यवस्थाका अ. से. नारायणप्रसाद सरुवा बढुवा।

ललितपुर मजिष्ट्रेट अफिसका मजिष्ट्रेट इन्द्रलाललाई मंत्रालयमा जगेडा राखी जगेडाका सु. सुरेन्द्रमानलाई सरुवा बढुवा।

दैलेख गौंडाका ब. हा. खालीमा उद्योग वाणिज्यमंत्रालय अ. से. दुण्डीराज सरुवा बढुवा ।

भक्तपुर मजिष्ट्रेट अफिसका मजिष्ट्रेट बद्री प्रसादलाई साबिकै ठाउँमा कायम गरी काठमाडौं मजिष्ट्रेट अफिसको स्थान खालीमा अर्को नियुक्ति नभएसम्म काठमाडौं मजिष्ट्रेटमा काम गर्ने, भक्तपुर मजिष्ट्रेट अफिसको काम ना. सु. गंगादासले गर्ने।

आज्ञाले:—

अच्युतराज

सेक्रेटरी—म. म. राज्यव्यवस्था

८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# प्र. म. राज्यव्यवस्थाको सूचना

पत्रसंख्या. अ. पे. १८।७।का–४।२–८४३।११ नि. नं. १०७२.

मेरो तात्कालिक अनुपस्थितिमा तपसीलका विभागहरू तपसीलका मन्त्रीहरूले सम्हाल्नुहुनेछ, भनी श्री माननीय प्रधान मन्त्रीज्यूबाट आजका मितिमा आदेश गर्नुभएकोले सूचित गरिएको छ ।

तपसील

१. श्री ज. केशरशमशेर— मन्त्रिमण्डलको अध्यक्ष, राज्यव्यवस्था, अर्थ र रक्षा ।
२. श्री नारदमुनी थुलुंग— मालपोत तथा बन, उद्योग वाणिज्य, खाद्य तथा सिभिल सप्लाईज ।
३. श्री डिल्लीरमण रेग्मी— परराष्ट्र, शिक्षा, स्वास्थ्य, स्वायत्त शासन, योजना विकास ।
४. श्री टंकप्रसाद आचार्य— साबिक ।
५. श्री भद्रकाली मिश्र— साबिक ।

आज्ञाले—
अच्युतराज,
सेक्रेटरी–राज्यव्यवस्था.

गोरखापत्र छापाखानामा मुद्रित, सरदार विष्णुध्वज जोशी ।

८३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।